ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

ARMY
BE THE BEST

# गोर्खाली खबर
Gorkhali Khabar

भू.पू.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क १०, डिसेम्बर २०२३ Edition 10, December 2023



# हार्दिक श्रद्धान्जली



**सुरज राई, स्टाफ नं ५२२०**
ब्रिटिश गोर्खा नेपाल
(१९६६-२०२३)



**रुखमान राई, स्टाफ नं ५५७७**
ब्रिटिश गोर्खा नेपाल
(१९६६ - २०२३)

बिजी एन मा लामो समयदेखि कार्यरत स्टाफ श्री रुखमान राई र श्री सुरज राई को असमायिक निधन हाम्रो लागि अत्यन्तै दु:खद घडीको क्षण भएको छ। उनीहरूको दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक संवेदना प्रकट गर्दछौं।

हामी सम्झिनेछौं
समस्त बि जी एन परिवार

## काठमाडौं, पोखरा, धरान मा रिमेम्ब्रेन्स सर्भिस २३

यस वर्षको रिमेम्ब्रेन्स सर्भिस ११ नभेम्बरमा बि जी एन पोखरा र धरानमा आयोजना भएको थियो भने काठमाडौंमा १२ नभेम्बरमा बि जी एन र बेलायती दुतावासको संयुक्त आयोजनामा बेलायती दुतावास प्राङ्गणमा भएको थियो | महामहिम राजदुत श्री रब फेन; नेपाली सेना प्रमुख प्रधानसेनापति प्रभुराम शर्मा; महासेनानी पल स्मिथ, रक्षा सहचारी/कमाण्डर बि जी एन; सेनानी (भु पू) भिम बहादुर गुरुङ्ग एम भी ओ  एम बि ई लगायतले गोर्खा सालिकमा सम्मान स्वरूप माला अर्पण गनुभएको थियो |



*(माथि: काठमाडौं-स्थित् बेलायती दुतावासमा आयोजित रिमेम्ब्रेन्स सर्भिस समारोहमा उच्च पदस्थ अतिथि, भु पू तथा सेवारत ब्रिटिश गोर्खा सिपाही; तल: बाँया: पोखरामा गोर्खा संग्रालयमा आयोजित रिमेम्ब्रेन्स सर्भिस; दाँया: ब्रिटिश गोर्खा धरान नजिक ब्रिटिश गोर्खा समाधी स्थलमा सेनानी ज्ञानबहादुर ढेंगा, गोर्खा मेजर बि जी एन माला अर्पण गर्नुहुँदै)*





नेपाल-स्थित् विभिन्न देशका राजदुतहरू, नेपाल सरकारका प्रतिनिधि, ब्रिटिश गोर्खा भुतपूर्व तथा सेवारत सिपाहीहरू, बि जी एन समुदाय तथा सुभेच्छुकहरूको उपस्थिति रहेको सो सर्भिसमा 'लाइन अफ ड्युटी' मा आफ्नो बलिदान र योग्दान दिएका सबैलाई सम्झना र सम्मान गर्दै दुई मिनेट मौन धारण गरिएको थियो |

## नेपाल बेलायत मित्रता सन्धि शताब्दी

सन् १९२३ मा आधिकारिकताका साथ् अनुमोदन भएको बेलायत र नेपालको मित्रता सन्धि (Treaty of Friendship) को शताब्दी मनाउन र यो सन्धिको ऐतिहासिक महत्त्वलाई स्मरण गर्न बेलायती दुतावास र बि जी एन को मुख्य योजना र सहभागितामा २४ नभेम्बरमा काठमाडौंमा शताब्दी महाभेला (Centenary Gala) आयोजना गरियो |








कार्यक्रममा बेलायती राजदुत रब फेन र नेपाल सरकारको तर्फबाट पूर्व परराष्ट्र सचिव श्री भरत राज पौड्याल मुख्य अतिथिको रूपमा सहभागी हुनुहुन्थ्यो | उक्त कार्यक्रममा बेलायत र नेपालको मित्रता र कुटनीतिक सम्बन्ध स्थापना हुन र निरन्तरता पाउन ब्रिटिश गोर्खाको उल्लेख्य भूमिका रहेको कुराको स्मरण गरिएको थियो |

## राजदुत पोलिटलाई बिदाई



आफ्नो सफल कार्यकाल सम्पन्न गर्दै बेलायत फर्कनुभएका महामहिम नेपालका लागि बेलायती राजदुत (His Majesty's Ambassador to Nepal Her Excellency) निकोला पोलिटलाई २० जुन् २०२३ मा बि जी एन द्वारा एक समारोह बीच बिदाइ गरियो | आफ्नो भाषणमा महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन ले राजदुत पोलिटलाई वहाँले बि जी एन र ब्रिगेड अफ गोर्खाजलाई गर्नुभएको सहयोगको लागि धन्यबाद दिनुभएको थियो | कार्यक्रममा प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, चिफ अफ स्टाफ; केर्री बर्रोज, सिभ सेक - बि जी एन लगायत अन्य बि जी एन अफिसर र स्टाफ पनि बिदाइ समारोहमा उपस्थित् थिए |

## नयाँ राजदुतलाई स्वागत; बि जी एन स्टाफलाई एल एस जी सी प्रदान



नेपालका लागि नयाँ बेलायती राजदुत रब फेन् र उनका श्रीमती जुलिया फेन् लाई बि जी एन मा २२ अगष्टको दिन हार्दिक स्वागत गरियो | प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन; श्री केर्री बर्रोज, सिभिल सेक्रटरी बि जी एन; सेनानी ज्ञानबहादुर ढेंगा, गोर्खा मेजर बि जी एन लगायत अन्य बि जी एन अफिसर र स्टाफ ले राजदुत फेन् लाई स्वागत गर्दै नेपालमा सफल कार्यकालको लागि शुभकामना दिएका थिए |





सोही कार्यक्रम अन्तर्गत बि जी एन का स्टाफ सार्जेन्ट टेर्री-जन वुड, ल्यान्स कर्पोरल जितबहादुर गुरुङ्ग र स्वर्गीय कर्पोरल मनिकुमार गुरुङ्ग (उनका श्रीमती मीन काशी गुरुङ्ग द्वारा प्राप्त) ले राजदुत फेन् बाट 'एल एस जी सी' (Long Service Good Conduct (LSGC)) पदक प्राप्त गरेका थिए |

# बि जी एन दशैं २३

## *धार्मिक महत्त्व र मनोरन्जनको समिश्रण*

हरेक वर्ष झैं २०२३ को दशैं र तिहार पनि बि जी एन काठमाडौं र पोखरा मा तामझाम र हर्षोलासका साथ् मनाइयो | धार्मिक परम्परा र रितिरिवाजलाई महत्त्वका साथ् निरन्तरता दिदै सेनानी ज्ञानबहादुर ढेंगा, गोर्खा मेजर बि जी एन र श्री झबिन्द्र ज्ञवाली, बि जी एन पण्डित द्वारा दशैंको पहिलो दिन घटस्थापना देखि मुख्य टिकाको दिनसम्म र त्यसपछि तिहारको पूजा आरती संचालन गर्न अग्रता लिनुभएको थियो | बि जी एन पुजारी टिममा सिनिअर एस सी ओ र अफिसर को प्रतिनिधि स्वरूप डब्लु ओ १ मनोजकुमार जुगजाली , आर एस एम बि जी एन; जुनिअर एन सी ओ को प्रतिनिधि स्वरूप ल्यान्स कर्पोरल सुमन राई र सिभिलियन स्टाफको प्रतिनिधि स्वरूप श्री रबि सुबेदी सामेल थिए | यसैगरी बि जी एन पोखरामा उपसेनानी गणेशकुमार गुरुङ्ग, २ आइ सी बि जी पी ले दशैं कार्यक्रम आयोजनाको अग्रता लिनुभएको थियो |





बि जी एन काठमाडौंको दशैं सांस्कृतिक कार्यक्रम १८ अक्टोबरको साँझ मानभवन, ललितपुरमा आयोजना गरियो | कार्यक्रममा नेपालका राजदुत महामहिम श्री रब फेन, उनका श्रीमती जुलिया फेन मुख्य अतिथि रहेका थिए भने महानेनानी पल स्मिथ, कमाण्डर बि जी एन र उनका श्रीमती शार्लट स्मिथ; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन र उनका श्रीमती भउमती गुरुङ्ले बि जी एन प्रतिनिधिको नेतृत्त्व गरेका थिए |



श्री रुद्रप्रसाद पण्डित, प्रमुख जिल्ला अधिकारी, श्री अमर दीप सुनुवार, सहायक प्रमुख जिल्ला अधिकारी – ललितपुर, र नेपाल सरकार अन्तर्गतका अन्य स्थानीय तथा सुरक्षा निकायका अधिकारी लगायत चर्चित गायक राजु लामा पनि कार्यक्रममा सहभागी हुनुहुन्थ्यो |

बि जी एन का सैनिक, गैर-सैनिक स्टाफ र परिवारजनबाट प्रस्तोता स्वरूप आएका कलाकारहरूले कार्यक्रममा उत्कृष्ट प्रस्तुती गरेका थिए |



समग्र दशैं पूजा आराधना र सांस्कृतिक कार्यक्रमको आयोजना सेनानी ज्ञानबहादुर ढेंगा, गोर्खा मेजर र उप-सेनानी ललितबहादुर थापा, ओ सी एन एस टि का अग्रतामा भएको थियो ।

## बि जी एन स्टाफलाई महाराजा चार्ल्सको तर्फबाट बि ई एम पदकबाट सम्मानित







बि जी एन मा लामो समयदेखि कार्यरत दुई जना सिभिलियन स्टाफले महाराजा चार्ल्स तृतीयको तर्फबाट बि ई एम (ब्रिटिश एम्पायर मेडल) प्राप्त गर्दा बि जी एन को सिभिलियन समुदायको लागि मात्र नभएर पुरै बि जी एन को लागि थप कोशेढुंगे उपलब्धि साबित भएको छ । १२ नभेम्बरमा बेलायती दुतावास प्राङ्गणमा आयोजित यस वर्षको रिमेम्ब्रेन्स सर्भिसको क्रममा राजदुत रब फेनले बि जी एन स्टाफ श्री बीर बहादुर थापा, वरिष्ट स्वास्थ सेवा सहायक (Senior Medical Care Assistant (SMCA)) र श्री धर्म राज तामाङ, कार्यकारी अधिकृत (वित्त) (Executive Officer (Finance)) लाई बि ई एम पदक प्रदान गर्नुभएको थियो ।

## रेजिमेन्टल असोशिएशन नेपाल (Regimental Association Nepal (RAN))

भुतपुर्व ब्रिटिश गोर्खाको प्रतिनिधि संगठन रेजिमेन्टल असोशिएशन नेपाल (Regimental Association Nepal (RAN)) को द्विवार्षिक बैठक गत ३० नभेम्बरमा सम्पन्न भयो | RAN का पदाधिकारी, सदस्य र बि जी एन को तर्फबाट महासेनानी पल स्मिथ, कमाण्डर; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर; सेनानी ज्ञानबहादुर ढेंगा, गोर्खा मेजर; सेनानी जित हमाल, डेपुटी चिफ अफ स्टाफ (DCOS) – बि जी एन उक्त बैठकमा सहभागी हुनुभएका थिए | बैठकसँगै बि जी एन र RAN अध्यक्ष द्वारा रथी सर डेभिड बिल के सी बि लाई स्वागत गरियो भने रथी बिल साहेब पनि RAN सँग छलफलमा सरिक हुनुभएको थियो |




## गोर्खा मेजर बि जी एन 'डाइन-इन' (Gurkha Major BGN Dine-in to the Combined Mess)



सेनानी ज्ञानबहादुर ढेंगा, गोर्खा मेजर बि जी एन र उनका श्रीमती अन्जु ढेंगा लाई ०८ डिसेम्बरमा 'गोर्खा मेजर डाइन-इन' (Gurkha Major BGN Dine-in to the Combined Mess) सँगै बि जी एन मा औपचारिक रूपमा स्वागत गरियो | उक्त समारोहमा महासेनानी पल स्मिथ, कमाण्डर बि जी एन; प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन लगायत बि जी एन अफिसर तथा स्टाफ सहभागी भएका थिए |



## आवास गृहमा वीर भु.पू. गोर्खाहरूको हेरचाह

### *भु. पू. गोर्खा पदम बहादुरको कथा*

**- गोर्खा वेलफेयर ट्रष्ट (नेपाल) (GWT(N))**

पोखरा र धरानमा सञ्चालित हाम्रा आवास गृहहरूमा एकल जीवन बिताउन असमर्थ पेन्सनरहरूलाई चौबिसै घण्टा हेरचाह गरिन्छ | ज्येष्ठ नागरिकहरूका लागि नेपालमा सञ्चालित अन्य यस्तै वृद्धाश्रमहरूका माँझ हाम्रा आवासगृहरू अतुलनीय नमूना बन्न सफल भएका छन् |

धरान-स्थित् हाम्रो आवास गृहका एक सदस्य हुन्, ७९ वर्षीय भु.पू. गोर्खा पदम बहादुर राई | चरित्रले भरिएका र सबैका लोकप्रिय पदम बहादुरलाई सन् २०१८ देखि हामीले हेरचाह गरिरहेका छौं |

पदम बहादुरले करिब एक दशक ब्रिटिश सेनामा सेवा दिनुभयो | सेवा निवृत्त भएको करिब १२ वर्षपछि वहाँले गोर्खा वेल्फेयर ट्रष्टबाट पाउने सुविधाहरूका बारे थाहा पाउनु भयो | दिक्तेल स्थित हाम्रो वेल्फेयर सेन्टरमा आफ्नो नाम दर्ता गराएपछि वहाँले मासिक पेन्सन र स्वास्थ्य सुविधा निरन्तर रूपमा पाउन थाल्नुभयो |

चार वर्ष अघि पदम बहादुर अचानक बिरामी हुनुभयो | वहाँ बस्ने दुर्गम गाउँमा अस्पताल वा स्वास्थ चौकीको अभाव भएको हुनाले वहाँको अवस्था नाजुक हुँदै गयो | वहाँको परिवार सदस्यले GWT लाई गुहारेपछि वहाँलाई अस्पतालसम्म ल्याउने व्यवस्था मिलाइयो |

स्वास्थ्य स्थितिमा सुधार आएपछि हामीले वहाँलाई चौबिसै घण्टा हेरचाहको व्यवस्था मिलाएर हाम्रो आवास गृहमा आएर बस्न सल्लाह दियौं |

भु.पू. गोर्खा तथा विधवाहरूका हेरचाहलाई हामीले समग्र दृष्टिकोणमा लिने गर्दछौं | पदम बहादुरको रोगलाई निको पार्नु मात्र नभई, वहाँको समग्र पौष्टिक आहार र मानसिक स्वास्थमा पनि विशेष ध्यान दियौं | भु.पू. गोर्खा तथा विधवाहरूलाई स-सम्मानका साथ जिउनका लागि वहाँहरूको जीवनस्तरमा सम्भव भएसम्मको प्रयास गर्ने हाम्रो उद्देश्य हो |

आवास गृहमा आएपछि पदम बहादुरको स्वास्थमा धेरै सुधार आएको छ | वहाँले पोषणयूक्त खाना पाउन थाले भने वहाँको शाररिक तौल पनि बढ्न थाल्यो | "शुरूमा मलाई यहाँ राम्रो बस्ने व्यवस्था, राम्रो हेरचाह र रमाइलो वातावरणमा खान पाउने सुविधा भएको अनुभव भयो," पदमबहादुर भन्नुहुन्छ |

"दिनको समयमा यहाँका कर्मचारीहरुले विभिन्न गतिविधिहरु जस्तै लुडो, क्यारम बोर्ड खेलाउने, भ्रमण गराउने तथा चाडपर्वहरू मनाउने कार्यक्रमहरू आयोजना गरेर सबैलाई ब्यस्त राख्ने प्रयास गर्नुहुन्छ | यहाँ हामी जस्ता भु.पू. गोर्खालीहरूले उच्च गुणस्तरको समावेशी हेरचाह प्राप्त गर्ने आरामदायी ठाउँ पाएका छौं | यहाँ बस्न पाउँदा म एकदमै खुशी छु |"





भु पू गोर्खा पदम बहादुर राई पुनर्स्थापना अघि (बाँया) र पुनर्स्थापना पछि (दाँया)

## *बि जी एन भिजिट*



महासेनानी डेभिड रबिन्सन, कर्णल ब्रिगेड अफ गोर्खाज लाई २६ सेप्टेम्बर मा प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर बि जी एन; सेनानी ज्ञानबहादुर गुरुङ्ग, गोर्खा मेजर बि जी एन; श्री सीसीरकुमार पाण्डे, एच आर प्रमुख बि जी एन लगायत अन्य बि जी एन अफिसर तथा स्टाफले बि जी एन काठमाडौंमा स्वागत गर्नुभएको थियो |



सिंगापुर पुलिस गोर्खा कन्टिनजेन्टबाट ए सी डब्लु आर केफ्फर्ड एम बि ई, कमाण्डर जी सी र ए एस पी (२) दिल बहादुर गुरुङ्ग, गोर्खा मेजर जी सी लाई २९ नभेम्बर मा बि जी एन काठमाडौंमा स्वागत गरिएको थियो | प्रमुख सेनानी राजेशकुमार गुरुङ्ग, उप-कमाण्डर; सेनानी ज्ञानबहादुर ढेङ्गा, गोर्खा मेजर – बि जी एन लगायत अन्य बि जी एन अफिसर तथा स्टाफले वहाँहरूलाई स्वागत गर्नुभएको थियो |

## *बि जी एन विविध*

### सेना प्रमुख ट्राइ-एडभेन्चर रेस

नेपाली सेना अन्तर्राष्ट्रिय छैटौं सेना प्रमुख ट्राइ-एडभेन्चर रेस (6th Chief of Army Staff (COAS) (Nepali Army – NA) International Tri-Adventure Competition 2023 ) २० अक्टोबर मा धादिङ जिल्लाको बैरिनी-चरौडी नाकामा आयोजना गरिएको थियो | उक्त प्रतियोगितामा संयुक्त राज्य अमेरिका, भारत लगायत बि जी एन द्वारा बेलायतको अन्तर्राष्ट्रिय प्रतिनिधित्त्व गरिएको थियो | नेपाली सेनाको समूह ए र बि ले प्रतियोगिता जितेका थिए भने भारतीय सेनाको समूह तेस्रो स्थान हाँसिल गर्न सफल भएको थियो | बि जी एन टिम: स्टाफ सार्जेन्ट बिपेन्द्र गुरुङ्ग (प्रबन्धक), कर्पोरल सुरेन बुढा, ल्यान्स कर्पोरल सुजन घले, ल्यान्स कर्पोरल बिक्रम गुरुङ्ग, ल्यान्स कर्पोरल रितेश पुन |




### बि जी एन को परोपकारी पहल



असाहय बालक तथा महिलालाई शरण दिइ हरेचाह गर्ने संस्था 'स्नेही काख नेपाल' लाई १७ अक्टोबरमा बि जी एन द्वारा सहयोग रकम हस्तान्तरण गरियो | ल्यान्स कर्पोरल उमित राई द्वारा सो परोपकारी पहल कार्यन्वयन गरिएको थियो |

## बि जी एन एम टि वार्षिक ड्राइभर्स प्रशिक्षण





बि जी एन एम टि विभागको वार्षिक ड्राइभर्स प्रशिक्षण बि जी एन को तीन वटै स्थान – काठमाडौं, पोखरा र धरानमा जुलाइ र अगष्ट महिनाको दौरानमा संचालन गरियो | 'अभ्यास टाइगर खुकुरी -२' (Ex TIGER KHUKURI-2) काठमाडौंमा जुलाइ २५-२८, पोखरामा जुलाइ १८-२० र धरानमा अगष्ट ०१-०४ मा संचालन गरियो | सहभागी एम टि विभागका गाडी चालक स्टाफहरूले उक्त प्रशिक्षण मार्फत विभिन्न विधामा आफ्नो गाडी चलाउने सीपको स्तरोन्नति गर्ने मौका पाएका थिए |

## लाइफगार्ड प्रशिक्षण



'नेशनल पुल लाइफगार्ड क्वालिफिकेशन (जेनरेशन १०)' (National Pool Lifeguard Qualification (Generation 10)) प्रशिक्षण बि जी एन क्याम्प पोखरामा ०६ – ११ अगष्ट बीच संचालन गरियो | बि जी एन क्याम्प काठमाडौंबाट श्री अनिल गुरुङ्ग र पोखराबाट श्री श्रीराम आले द्वारा प्रशिक्षकको रूपमा संचालित प्रशिक्षणमा 'द रोयल लाइफ सेभिङ सोसाइटी' (The Royal Lifesaving Society) बाट श्री एड्रीयन लङल्याण्ड र सुश्री क्याथरिन कियरनी पनि सहभागी हुनुहुन्थ्यो |

बि जी एन का बिनोद राई, दान बहादुर तामाङ, लक्ष्मण आले, रबिन देओला, सुबाश गुरुङ्ग र सुरेश तामाङ प्रशिक्षण सफलतापूर्वक उत्तीर्ण गरी एन पी एल क्यु १० (NPLQ 10) प्रमाणित लाइफगार्ड हुन सफल भएका छन् |

## बि जी एन महिला समूहको लाङ्ताङ् ट्रेक



बि जी एन महिला समूहका २३ सदस्यहरूले दुई सेवारत स्टाफका साथमा २-८ अक्टोबर बीच लाङ्ताङ् ट्रेक सफलतापूर्वक सम्पन्न गर्नुभयो | उक्त ट्रेक गोर्खा एक्स्पेडीशनसँगको सहकार्यमा संचालन गरिएको थियो |

## सम्पर्क विवरणहरू:

**गोर्खा भेट्रान्स एड्भाइस सेन्टर्स (जिभ्याक)**
**Gurkha Veterans' Advice Centres (GVAC)**

| | | |
|---|---|---|
| **पेन्सन** | काठमाडौं- ०१-४२३५३२२ | bgn-vs-gvack-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१- ५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५३६९९२ | bgn-vs-gvacd-groupmailbox@mod.gov.uk |
| **रेकर्ड्स** | काठमाडौं- ०१-४२३५३२४ | vsoktm@bgp.com.np |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९११० | dipakarki.thapa118@mod.gov.uk |
| **गोर्खा सेटलमेन्ट अफिस** | काठमाडौं- ०१-४२३५३२९ | bgn-vs-gso-groupmailbox@mod.gov.uk |
| | पोखरा- ०६१-५६७२५१ | bgn-vs-gvacp-groupmailbox@mod.gov.uk |
| | धरान- ०२५-५७९१८९ | gvacdharan@bgp.com.np |

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
मानभवन ,ललितपुर
बि एफ पी ओ ४
नेपाल

**Headquarters, BRITISH GURKHAS NEPAL**
Manbhawan, Lalitpur
British Forces Post Office 4
Nepal

BFBS Gurkha – c/o HQ BGN, BFPO 4

**अपरेशनमा नी:शुल्क वेलफेयर पार्सल पठाउन सकिने बारे सूचना**
अपरेशनमा परिचालित सेवारत सिपाहीहरूलाई परिवार सदस्यहरूले बि.जी.एन मुख्यालय, काठमाडौंबाट सानो वेलफेयर पार्सल (अधिकतम् २ कीलो; करीब A4 पेपर साइजको; अचार जस्ता नष्ट हुने खालका खाद्य पदार्थ, सुर्तीजन्य पदार्थ र घ्यू जस्ता एफ.पी.ओ. द्वारा निषेधित सामान नसमेटी ) नी:शुल्क पठाउन सक्नेछन् |

**Notice on Sending Welfare Parcels to Personnel in Operations**
Family members of serving personnel deployed on Operations are eligible to post small welfare parcels (maximum 2 k.g; size roughly A4 size paper; not including items restricted by FPO like perishable food like chutney/pickle, tobacco products, ghee etc.) for free from BGN HQ, Kathmandu.

**Contact: BGN FPO, Ph. 01-4235236; e-mail: BGN-SNCO-FPO-GroupMail@mod.gov.uk**

जरूरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal's Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

https://www.army.mod.uk/who-we-are/corps-regiments-and-units/brigade-of-gurkhas/british-gurkhas-nepal/

**Headquarters British Gurkhas Nepal Points of Contact:**

Maj Gyanbahadur Dhenga
Gurkha Major; Media Officer

Gaurav Chandra Gurung
Communications Officer
GauravChandra.Gurung125@mod.gov.uk